# कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-२, अंक-३ आ.व.२०८१/८२ २०८२ असार

## विशेष सम्पादकीय

आर्थिक वर्ष २०८१/८२ को बजेटको अवधि समाप्त भएको र २०८२/८३ को बजेट कार्यान्वयनमा रहेको छ। बजेट सरकारको वित्तीय दस्तावेज मात्र नभई सार्वजनिक जवाफदेहिताको दस्तावेज पनि हो। यो एउटा प्राविधिक दस्तावेज हो जसले सरकारको नीति तथा कार्यक्रम र आवधिक योजनाका लक्ष्य प्राप्तिका लागि आवश्यक स्रोतको परिचालन गर्दछ। यसर्थ बजेट तर्जुमा र कार्यान्वयनमा कुशलता र अनुशासनको माग रहन्छ। अनुशासनमा रहेर तर्जुमा गरिएको बजेटले स्रोत अनुमान र विनियोजन प्रस्तावबीच सन्तुलन कायम गरी नतिजामुखी क्षेत्रमा स्रोतको प्रवाह गर्दछ।

प्रदेशको आवधिक योजनाले निर्धारण गरेको नतिजाका सूचक अनुसार प्राथमिकताप्राप्त क्षेत्र र बहुवर्षीय स्रोत सुनिश्चित भएका योजना र क्रमागत रुपमा सञ्चालित योजनालाई समयमा सम्पन्न गर्न तीन वर्षको आवश्यक स्रोतको प्रक्षेपण सहित मध्यकालीन खर्च संरचनाको अभ्यास पनि गर्ने गरिन्छ। बजेट तर्जुमाको लागि स्रोत अनुमान र मन्त्रालय एवं निकायगत बजेट सिलिङ्ग तथा बजेट तर्जुमा मार्गदर्शन पठाउने अभ्यास छ। आर्थिक वर्ष २०८२।८३ को बजेट र आर्थिक वर्ष २०८२/८३-२०८४/८५ को मध्यमकालीन खर्च संरचनाले आगामी दिनहरुमा बजेटको प्रवाह हुनुपर्ने क्षेत्र तथा मन्त्रालयगत बजेट सिलिङ्ग पूर्वानुमानको लागि महत्वपूर्ण आधार तयार गरेको छ। यसले बजेट तर्जुमालाई यथार्थपरक र अनुशासित बनाउनमा महत्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ।

बजेट निर्माणमा दूरदृष्टि र पद्धति निर्माण महत्वपूर्ण हुन्छ। अल्पकालीन प्राथमिकतामा केन्द्रीत भई बजेट निर्माण गर्दा स्रोतको समुचित प्रयोग नभएको हुन सक्छ। शुरु गरिएका आयोजना समयमा सम्पन्न गरिएन भने बजेटको उपादेयता हराउन सक्छ। बजेटको अर्को पाटोको रुपमा रहेको राजस्वको अनुमान यथार्थपरक भएन भने राजस्वको दायरा विस्तारले बारम्बार अवरोधको सामना गर्नुपर्ने हुन सक्छ। आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा गर्दा यी पक्षहरुमा ध्यान दिईएको छ। मध्यमकालीन खर्च संरचनाको निर्माणले आगामी आर्थिक वर्षहरुमा बजेट तर्जुमा क्षेत्रमा गर्नुपर्ने सुधारको विषयमा मार्गदर्शन गरेको छ। प्रदेश संचरनाले बजेटको अभ्यास शुरु गरेको आठ वर्ष पुरा भएकोले गर्दा पनि अब नतिजामुखी बजेट तर्जुमामा केन्द्रीत हुन र अनुत्पादक क्षेत्रलाई बजेटको दायराबाट बाहिर राख्न आवश्यक भैसकेको छ।

# आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयनको सारांश


कोशी प्रदेश सरकारको आ.व.२०८१/८२ को **असार मसान्तसम्मको** समग्र आय-व्ययको विवरण, विगत दुई आर्थिक वर्षको आय-व्ययसँगको तुलनात्मक विवरण र आ.व.२०८२/८३ को बजेट विनियोजनको तुलनात्मक विश्लेषण समेत समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ। गत आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०८१/८२ को असार महिनासम्म कुल राजस्व सङ्कलनमा १९.४ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको तुलनामा प्रदेशको कुल खर्च, चालु खर्च र स्थानीय तह अनुदानको खर्च रकममा केही वृद्धि भएको छ, भने पूँजीगत खर्च रकममा कमी भएतापनि विनियोजनको तुलनामा पूँजीगत खर्च प्रतिशत भने वृद्धि भएको छ। गत वर्षको तुलनामा संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त, समपूरक र विशेष अनुदानमा कमी भएको छ।

## कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८१/८२ को **असार मसान्तसम्म** वार्षिक विनियोजनको तुलनामा कुल खर्च, चालु खर्च, पूँजीगत खर्च र स्थानीय तह अनुदानको प्रगति प्रतिशत देहाय अनुसार रहेको छः-

| कुल खर्च | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान |
|---|---|---|---|
| ८०.६% | ७७.६% | ७९.३% | ९३.९% |

**चार्ट (क)- तीन आर्थिक वर्षको असार मसान्तसम्मको खर्चको अवस्था (रकम रु.लाखमा)**




*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।* **प्रारम्भिक विवरण*

२. आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्म जम्मा रु.२८ अर्ब ४५ करोड १४ लाख खर्च भएको छ। कुल खर्च मध्ये पूँजीगत खर्च रु.१३ अर्ब ८२ करोड ६१ लाख, चालु खर्च रु.१० अर्ब ६ करोड ६२ लाख र स्थानीय तह अनुदान रु.४ अर्ब ५५ करोड ९१ लाख रहेको छ।

**तालिका (क)- पछिल्लो तीनवर्षको असार महिनासम्मको खर्चको तुलनात्मक स्थिति (रु.लाखमा)**

| बजेट शीर्षक | आ.व.२०७९/८० | | | आ.व.२०८०/८१ | | | आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | प्रगति | बजेट | खर्च | प्रगति | बजेट | खर्च * | प्रगति |
| चालु खर्च | १२१३८३ | ९०९८३ | **७५.०%** | १२१०८९ | ८३७६४ | **६९.२%** | १२९७७५ | १००६६२ | **७७.६%** |
| पूँजीगत खर्च | २३६४३१ | १८११२५ | **७६.६%** | २०८७५५ | १६३४८३ | **७८.३%** | १७४२५३ | १३८२६१ | **७९.३%** |
| वित्तीय व्य. | ० | ० | - | १०० | ० | - | २०० | ० | - |
| स्थानीय तह अनुदान | ४१४६१ | ३५४६९ | **८५.५%** | ३८२४७ | ३३०२८ | **८६.४%** | ४८५६५ | ४५५९१ | **९३.९%** |
| **जम्मा** | **३९९२७५** | **३०७५७७** | ७७.०% | **३६८१९१** | **२८०२७५** | ७६.१% | **३५२७९३** | **२८४५१४** | ८०.६% |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।* **प्रारम्भिक विवरण*

*द्रष्टव्यः रकमान्तर तथा संघ सशर्त अनुदान थप भई असार मसान्तसम्म कायम बजेट विनियोजनको रकम उल्लेख गरिएको छ।*

३. चालु आ.व.२०८१/८२ को असार महिनासम्मको कुल खर्चमध्ये सबैभन्दा बढी असार महिनामा रु.८ अर्ब ३४ करोड १४ लाख खर्च भएको छ, भने सबै भन्दा कम भदौ महिनामा रु.७७ करोड २ लाख खर्च भएको छ।

**तालिका (ख) आ.व.२०८१/८२ असारसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)**

| महिना/शीर्षक | चालु खर्च | पूँजीगत खर्च | स्थानीय तह अनुदान | मासिक जम्मा | मासिक खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| **श्रावण** | १३९६४ | १४२ | | **१४१०६** | ५.०% |
| **भदौ** | ४०३४ | ३१०० | ५६८ | **७७०२** | २.७% |
| **असोज** | ७१६५ | ७६८० | ८११४ | **२२९५९** | ८.१% |
| **कार्तिक** | ९९३८ | २३५० | २१९५ | **१४४८३** | ५.१% |
| **मंसीर** | ४५६८ | ४०९२ | २८७५ | **११५३५** | ४.१% |
| **पुष** | ५१७६ | ८२२१ | ३५०० | **१६८९७** | ५.९% |
| **माघ** | ४९१५ | ६५१८ | १११३ | **१२५४६** | ४.४% |
| **फाल्गुन** | ५७६८ | १३०४९ | ४१२५ | **२२९४२** | ८.१% |
| **चैत्र** | ५३९४ | १०९४२ | ५४२४ | **२१७६०** | ७.६% |
| **बैशाख** | ६००२ | १२०९३ | ४१९३ | **२२२८८** | ७.८% |
| **जेठ** | ६३७५ | १७१३३ | १०३७४ | **३३८८२** | ११.९% |
| **असार** | २७३६३ | ५२९४१ | ३११० | **८३४१४** | २९.३% |
| **वार्षिक जम्मा** | **१००६६२** | **१३८२६१** | **४५५९१** | २८४५१४ | **१००.०%** |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

४. अघिल्लो आर्थिक वर्षकोको तुलनामा आ.व.२०८१/८२ मा अधिकांश मन्त्रालय/निकायको खर्च रकममा वृद्धि भएको छ। उद्योग, कृषि तथा सहकारी मन्त्रालय, स्वास्थ्य मन्त्रालय लगायत केही मन्त्रालयको खर्च प्रगति प्रतिशतमा कमी भएको देखिन्छ।


**तालिका (ग) दुई आ.व.को असारसम्मको मन्त्रालयगत खर्चको विवरण (रु.लाखमा)**

| मन्त्रालय/निकाय | आ.व.२०८०/८१ | | | चालु आ.व.२०८१/८२* | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | प्रगति | विनियोजन | खर्च | प्रगति |
| कोशी प्रदेश सभा सचिवालय | २५२५ | २००० | ७९.२% | २४५८ | १९९३ | ८१.१% |
| प्रदेश लोक सेवा आयोग | ९३० | ८३८ | ९०.१% | १२१९ | ११६३ | ९५.४% |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | २४१ | १९३ | ८०.१% | २१३ | १८७ | ८७.८% |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५८४९ | ३१४१ | ५३.७% | ३८२३ | २२१३ | ५७.९% |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | २१८७० | १६१७७ | ७४.०% | ३९२२३ | ३४१६४ | ८७.१% |
| उद्योग, कृषि तथा सहकारी मन्त्रालय | १८९९८ | १५०६६ | ७९.३% | १६००१ | ११७१९ | ७३.२% |
| खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ५६६२४ | ५२४६२ | ९२.६% | ४४२५४ | ४०४९६ | ९१.५% |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ८५०३ | ४९६८ | ५८.४% | १२८८८ | ९४९६ | ७३.७% |
| पर्यटन, वन तथा वातावरण मन्त्रालय | २६०२६ | १८४५५ | ७०.९% | २३९८२ | १८२९८ | ७६.३% |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | १३४९९३ | ९९७०७ | ७३.९% | १११८०२ | ८४९८८ | ७६.०% |
| सामाजिक विकास मन्त्रालय | १३२४३ | ९७५५ | ७३.७% | १२७०४ | ९८३५ | ७७.४% |
| स्वास्थ्य मन्त्रालय | ३३०९३ | २४२६७ | ७३.३% | ३४३२४ | २४०६२ | ७०.१% |
| प्रदेश योजना आयोग | ४५३ | २१८ | ४८.१% | ५१८ | ३०८ | ५९.५% |
| अर्थ विविध | ६५९६ | ० | - | ८१९ | ० | - |
| स्थानीय तह अनुदान | ३८२४७ | ३३०२८ | ८६.४% | ४८५६५ | ४५५९१ | ९३.९% |
| जम्मा | ३६८१९१ | २८०२७५ | ७६.१% | ३५२७९३ | २८४५१४ | ८०.६% |

*स्रोत:-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।* **प्रारम्भिक विवरण*

*द्रष्टव्यः रकमान्तर तथा सशर्त अनुदान थप भई असार मसान्तसम्म कायम बजेट विनियोजनको रकम माथिको तालिकामा उल्लेख गरिएको छ।*

**चार्ट (ख) दुई आ.व.को जेठसम्मको मन्त्रालयगत खर्च प्रगतिको तुलना (प्रतिशतमा)**



## कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

५. आ.व.२०८१/८२ असार मसान्तसम्म कुल राजस्व रु.१६ अर्ब २ करोड ६९ लाख **(९२.२%)** र संघ अनुदानको रु.१३ अर्ब ३० करोड ५२ लाख **(९१.५%)** गरी जम्मा रु.२९ अर्ब ३३ करोड २१ लाख रकम प्रदेश सञ्चित कोषमा प्राप्ति भएको छ।

**तालिका (घ)- तीन आ.व.को (असार सम्मको) राजस्व तथा अनुदान प्राप्तिको विवरण (रु.लाखमा)**

| आय शीर्षक | २०७९/८० | २०८०/८१ | आ.व.२०८१/८२ | | | गत आ.व.को तुलनामा वृद्धि |
|---|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | प्राप्ति | प्रतिशत | |
| प्रदेशको आन्तरिक राजस्व | ३८१६३ | ४१६४४ | **४९८००** | ४८९१७ | **९८.२%** | १७.५% |
| संघीय राजस्व र रोयल्टी बाँडफाँट | ९१५०४ | ९२५५२ | **१२४००८** | १११३५२ | **८९.८%** | २०.३% |
| संघ वित्तीय समानीकरण अनुदान | ७८८२२ | ६५०९७ | **८९४३२** | ८२०६३ | **९१.८%** | २६.१% |
| सशर्त अनुदान | ६५०८८ | ५५३४७ | **४१६४३** | ३७७६५ | **९०.७%** | -३१.८% |
| समपूरक अनुदान | ९२०० | ७३०० | **६५५०** | ६५५० | **१००%** | -१०.३% |
| विशेष अनुदान | ४७५० | ७६०० | **७८०१** | ६६७४ | **८५.६%** | -१२.२% |
| **जम्मा** | **२८७५२७** | **२६९५४०** | **३१९२३४** | **२९३३२१** | **९१.९%** | **८.८%** |

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

पुनश्चः नगद मौज्दात रु.३ अर्ब २५ करोड र वैदेशिक अनुदानको सोझै भुक्तानी रु.१० करोड ५९ लाख समेत गरी आ.व.२०८१/८२ को कुल बजेट रु.३५ अर्ब २७ करोड ९३ लाख रहेको छ।

६. प्रदेशका निकायबाट सङ्कलन हुने र मालपोत कार्यालय तथा स्थानीय तहबाट बाँडफाट भई प्राप्त हुने समेत प्रदेशको आन्तरिक राजस्व सङ्कलनको विवरण देहाय अनुसार रहेको छः-

**तालिका (ङ)- आ.व.२०८१/८२ को आन्तरिक राजस्व सङ्कलनको मासिक विवरण (रु.लाखमा)**

| महिना/ शीर्षक | सवारी साधन कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | अनुमतिपत्र, यातायात क्षेत्रको आम्दानी | व्यवसाय रजिष्ट्रेशन दस्तुर | अनुदान/निकासा फिर्ता, बेरुजु | *स्थानीय तहबाट प्राप्त | शुल्क/दस्तुर/ जरिवाना | जम्मा राजस्व |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | | | ५३९ | ९२ | ३२ | ७ | १६५ | ८३५ |
| भदौ | ११०७ | ४७ | ५१८ | १०२ | ४६ | १६ | १८५ | २०२१ |
| असोज | १०७१ | २४१९ | ४३२ | ६३ | २३९ | ५६ | १६२ | ४४४२ |
| कात्तिक | १०१८ | २८० | ४८९ | ३९ | १६६२ | २८ | ३०४ | ३८२० |
| मंसिर | १८९० | ४६१ | ५६९ | ७७ | ३८९ | २५७ | ३१२ | ३९५५ |
| पुष | १४५० | ८२१ | ६०६ | ७८ | ३०० | ५८० | ६६५ | ४५०० |
| माघ | १५५८ | १२४६ | ५७९ | ६३ | ८२४ | ४३४ | २९२ | ४९९६ |
| फाल्गुन | १२१० | ३ | ५५० | ७१ | २४३ | ५८ | ६७३ | २८०८ |
| चैत्र | ११९७ | ३०९२ | ११९२ | ६३ | १८१ | ६०३ | ४३५ | ६७६३ |
| बैशाख | २५९८ | ४८० | ६४० | ५० | ३८ | २९६ | ९९ | ४२०१ |
| जेठ | १००२ | २४८३ | १३१ | ६५ | ४५ | ७० | ९३ | ३८८९ |
| असार | १२७४ | २५२८ | ७७४ | ९३ | ७९८ | ८२५ | ३९५ | ६६८७ |
| असारसम्मको प्राप्ति | **१५३७५** | **१३८६०** | **७०१९** | **८५६** | **४७९७** | **३२३०** | **३७८०** | **४८९१७** |
| वार्षिक लक्ष्य | **१४१००** | **१४५००** | **९५००** | **९००** | **४९९०** | **३०७०** | **२७४०** | **४९८००** |
| आ.व.२०८१/८२ को प्रगति | १०९.०% | ९५.६% | ७३.९% | ९५.१% | ९६.१% | १०५.२% | १३८.०% | **९८.२%** |
| गत २०८०/८१ को प्राप्ति | १३८९३ | १२५६९ | ६१२१ | ८५५ | ३२०० | २५९४ | २४१२ | **४१६४४** |
| वृद्धि प्रतिशत | १०.७% | १०.३% | १४.७% | ०.१% | ४९.९% | २४.५% | ५६.७% | **१७.५%** |


(*स्थानीय तहबाट प्राप्त राजस्वमा प्राकृतिक स्रोत विक्री शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

७. गत आ.व.२०८०/८१ असारसम्मको तुलनामा आ.व.२०८१/८२ असारसम्म प्रदेशको आन्तरिक राजस्वमा १७.५ प्रतिशतले वृद्धि भएको छ। प्रशासनिक सेवा शुल्क दस्तुर शीर्षकमा ५६.७ प्रतिशतले र अनुदान/निकासा फिर्ता तथा बेरुजु असुली शीर्षकमा ४९.९ प्रतिशतले वृद्धि भएको छ।

**चार्ट (ग)- तीन आर्थिक वर्षको असार महिनासम्मको आन्तरिक राजस्व सङ्कलनको अवस्था**

**(रकम रु.लाखमा)**




(*स्थानीय तहबाट प्राप्त राजस्वमा प्राकृतिक स्रोत बिक्री शुल्क, मनोरञ्जन कर र विज्ञापन कर वापत प्रदेशलाई (४०%) प्राप्त हुने राजस्व रहेको छ।)

*स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।*

# कोशी प्रदेशको आ.व.२०८१/८२ र २०८२/८३ को बजेटको तुलनात्मक विवरण

## १. मन्त्रालयगत विनियोजन


कोशी प्रदेशको आ.व.२०८१/८२ र २०८२/०३ को मन्त्रालयगत बजेट विनियोजनलाई अनुदान संकेत अनुसार तल तालिका नं १.१ मा प्रस्तुत गरिएको छ। आ.व.२०८२/८३ का लागि विनियोजित बजेटमा सबैभन्दा बढी भौतिक पूर्वाधार मन्त्रालयमा २९.४७ प्रतिशत दोस्रो खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालयमा १३.१९ प्रतिशत र तेस्रो स्वास्थ्य मन्त्रालयमा ८.३७ प्रतिशत हिस्सा रहेको देखिन्छ भने आ.ब २०८१/०८२ मा क्रमशः तिनै मन्त्रालयमा २९.५२, १३.५० र १०.०७ प्रतिशत हिस्सा रहेको देखिन्छ। तालिकाको तथ्याङ्कलाई चित्र नं १.१ मा प्रतिशतमा प्रस्तुत गरिएको छ।

**तालिका नं.१.१ मन्त्रालयगत बजेट विनियोजनको तुलनात्मक विवरण (रकम रू लाखमा)**

| क्र.सं. | मन्त्रालय/निकायको नाम | आ.व.२०८१/८२ को सुरु विनियोजन | आ.व.२०८२/८३ को विनियोजन |
|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | २४८८ | २५०० |
| २ | प्रदेश लोक सेवा आयोग | ९८४ | ९९० |
| ३ | मुख्यन्यायाधिवक्ताको कार्यालय | २२३ | २२० |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३८४५ | ५१२५ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३५५२० | ३००२४ |
| ६ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २६७७९ | २५९७७ |
| ७ | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | ४७६२१ | ४७३३० |
| ८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १०३९१ | ९६०० |
| ९ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | २८२५२ | २९७६६ |
| १० | भौतिक पूर्वाधार विकास मन्त्रालय | १०४१५२ | १०५७५१ |
| ११ | सामाजिक विकास मन्त्रालय | १९८०९ | २०५५५ |
| १२ | स्वास्थ्य मन्त्रालय | ३५८६८ | ३५१७१ |
| १३ | प्रदेश योजना आयोग | ५४३ | ८०० |
| १४ | अर्थ विविध- कर्मचारी सुविधा | ६०० | ६०० |
| १५ | अर्थ विविध | १०८२० | १३३९० |
| १६ | स्थानीय तह अनुदान (समानीकरण र समपूरक अनुदान) | २४८९९ | ३१००० |
| **जम्मा** | | **३५२७९३** | **३५८७९९** |

*द्रष्टव्यः स्थानीय तहमा हस्तान्तरण गरिने सशर्त अनुदानको रकम समेत सम्बन्धित मन्त्रालयको विनियोजनमा समावेश गरिएको छ।*

**चित्र नं १.१: मन्त्रालयगत बजेट विनियोजनको प्रतिशत**




## २. कार्यगत क्षेत्र अनुसारको विनियोजन

कोशी प्रदेशको आ.व.२०८१/८२ र २०८२/०३ को बजेट विनियोजनलाई ५ वटा कार्यगत क्षेत्रमा बाँडेर त्यसको तुलना गरिएको छ जसलाई तल तालिका नं २.१ मा प्रस्तुत गरिएको छ। आ.व.२०८२/८३ का लागि विनियोजित बजेटमा अर्थ विविधमा ०.६६ प्रतिशत र स्थानीय तहमा वित्तीय हस्तान्तरण (सशर्त हनुदान समेत) ०.१२ प्रतिशतले बृद्धि भएको देखिन्छ भने संघबाट प्रदेशमा आउने वित्तीय हस्तान्तरण ०.८ प्रतिशतले कमी भएको देखिन्छ। बजेटको आकार बढेता पनी मन्त्रालय/ निकायबाट कार्यान्वयन हुने वित्तीय समानीकरण अनुदान सहितको प्रदेश स्रोत तर्फको विनियोजनमा ०.१ प्रतिशतको मात्र फरक रहेको देखिन्छ। तालिकाको तथ्याङ्कलाई चित्र नं २.१ मा प्रतिशतमा प्रस्तुत गरिएको छ।


**तालिका नं २.१ बजेटको कार्यगत विनियोजन (रकम रू हजारमा)**

| क्र.सं. | कार्यगत क्षेत्र | आर्थिक बर्ष | |
|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ |
| १ | अर्थ विविध | १०८२०३३ | १३३९००० |
| २ | कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | ६०००० | ६०००० |
| ३ | प्रदेशबाट स्थानीय तहलाई वित्तीय हस्तान्तरण | ४५८४९९० | ४७०७२६४ |

| | | | |
|---|---|---|---|
| ४ | मन्त्रालय/निकाय | २३८४६९७७ | २४२५३७३६ |
| ५ | संघबाट प्रदेशलाई वित्तीय हस्तान्तरण | ५७०५३०० | ५५१९९०० |
| | **कुल जम्मा** | **३५२७९३००** | **३५८७९९००** |

*स्रोत: PLMBIS को विवरण अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तयार गरिएको।*
*नोट: संघबाट प्राप्त वित्तीय समानीकरण अनुदान मन्त्रालय/निकाय भन्ने क्षेत्रमा समावेश गरिएको छ।*

**चित्र नं २.१: बजेटको कार्यगत विनियोजनको प्रतिशत**




## ३. बजेटको कार्यान्वयनगत विनियोजन


कोशी प्रदेशको आ.व.२०८१/८२ र २०८२/८३ को बजेट विनियोजनलाई खर्चको प्रकृति एवम् प्रयोजन अनुसार ८ वटा विभिन्न क्षेत्रमा बाँडेर तल तालिका नं ३.१ मा प्रस्तुत गरिएको छ। उक्त विनियोजन, माथि तालिका नं २.१ को मन्त्रालय/निकाय भन्ने शीर्षकको विस्तार हो। कार्यालय सञ्चालनका लागि चाहिने चालु प्रकृतिका तलब भत्ता, पानी, बिजुली जस्ता अनिवार्य दायित्व, प्रतिवद्ध दायित्व तथा गाडी, इन्धन, मर्मतसम्भार जस्ता पुँजिगत प्रकृता र कार्यक्षेत्र अनुसारका कार्यक्रम, तालिम गोष्ठी लगायतका खर्चहरू यसमा समावेश गरिएको छ। यसमा विशुद्ध प्रदेश स्रोत तर्फको वित्तीय समानीकरण अनुदान सहित प्रदेश मन्त्रालय/निकाय र मातहतका कार्यालयले कार्यान्वयन गर्ने खर्च समावेश गरिएको छ। आ.व.२०८१/८२ को तुलनामा भौतिक पूर्वाधार तर्फ आ.व.२०८२/८३ मा ४.२ प्रतिशतको बढोत्तरी भएको देखिन्छ भने खर्च नभएको संघिय अनुदान फिर्ता गर्नुपर्ने प्रयोजनका लागि विनियोजन गरिएको रकम ३.६ प्रतिशतले कम रहेको देखिन्छ। यस सम्बन्धि थप विवरण चित्र नं ३.१ मा प्रस्तुत गरिएको छ।

### तालिका नं ३.१ बजेटको कार्यान्वयनगत विनियोजन (रकम रू हजारमा)

| क.सं | कार्यान्वयनको क्षेत्र | आर्थिक बर्ष | |
|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ |
| १ | भौतिक पूर्वाधार निर्माण | ११३०२९६३ | १२५११७८३ |
| २ | कार्यालय सञ्चालन (पुँजिगत र चालु) | ६५४१२०८ | ६३५९२९० |
| ३ | संघ फिर्ता | ३०००००० | २१८७४५७ |
| ४ | कार्यक्रम (तालिम, गोष्ठि समेत) | १७२६००३ | १९४९३९५ |
| ५ | अनुदान (सरकारी/ गैह्रसरकारी संघ संस्था) | ८८२२८५ | ६२५३५० |
| ६ | सेवा तथा परामर्श (DPR, EIA समेत) | २१५१२२ | ३५८६९५ |
| ७ | अनुगमन मूल्याङ्कन (भ्रमण समेत) | १५९३९६ | १६१७६६ |
| ८ | वित्तीय व्यस्था (लगानी) | २०००० | १०००० |
| **कूल जम्मा** | | **२३८४६९७७** | **२४२५३७३६** |

*स्रोतः PLMBIS को विवरण अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तयार गरिएको।*
*नोटः स्थानीय तह सशर्त अनुदान समावेश गरिएको छैन।*

### चित्र नं ३.१ बजेटको कार्यान्वयनगत विनियोजनको प्रतिशत



## ४. बजेटको भौतिक पूर्वाधारमा क्षेत्रगत विनियोजन

तालिका नं ४.१ मा बजेटको भौतिक पूर्वाधारमा क्षेत्रगत विनियोजन प्रस्तुत गरिएको छ। प्रदेशले स्थानीय तहलाई प्रदान गरेको सशर्त अनुदानको रकम समेत यसमा गणना गरिएको छ। सो प्रयोजनका लागि पूर्वाधारलाई विभिन्न १२ वटा क्षेत्रमा बाँडिएको छ। आ.व.२०८२/८३ मा सबै भन्दा बढी सडक र पुलमा बजेट विनियोजन गरिएको छ जुन आ.व २०८१/८२ को तुलनामा ३.६४ प्रतिशतले बढी हो। धार्मिक सामाजिक तथा सम्पदा पूर्वाधार निर्माणमा आ.व.२०८१/८२ मा रू १ अर्ब ५४ करोड ५० लाख ३० हजार विनियोजन भएकोमा आ.व.२०८२/८३ मा सोही प्रयोजनका लागि रू १ अर्ब ५६ करोड ५६ लाख विनियोजन भएको देखिन्छ। सरकारी भवन तर्फ ०.४२ प्रतिशतले विनियोजन कम भएको देखिन्छ भने खानेपानी तर्फ नगन्य रूपमा विनियोजन बढी रहेको देखिन्छ। विस्तृत रूपको तुलना चित्र नं ४.१ मा प्रस्तुत गरिएको छ। तालिका नं.४.२ मा तालिका नं ४.१ को तथ्याङ्कलाई मन्त्रालयगत रूपमा प्रस्तुत गरिएको छ।


**तालिका नं ४.१ बजेटको भौतिक पूर्वाधारमा क्षेत्रगत विनियोजन (रकम रू हजारमा)**

| क्र.सं | भौतिक पूर्वाधारको क्षेत्र | आर्थिक बर्ष | |
|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ |
| १ | सडक र पुल | ५७६७२१८ | ६६७८६७१ |
| २ | धार्मिक सामाजिक तथा सम्पदा पूर्वाधार | १५४५०३० | १५६५६०० |
| ३ | सिँचाई | १६४५२८० | १४०७१७० |
| ४ | खानेपानी | १२१४२०० | १३३३६५० |
| ५ | तटबन्ध/ बाँध | ४२०९०० | ६८२४०० |
| ६ | खेलमैदान, संग्रहालय लगायतका अन्य पूर्वाधार | ४९८५०० | ४५०१७९ |
| ७ | विद्यालय पूर्वाधार | ३२११०० | ३५३१७५ |
| ८ | सरकारी भवन | ३६४१०० | ३३५११९ |
| ९ | वन वातावरण संरक्षण | २३२६१५ | २२६९५९ |
| १० | पर्यटन | २१७६०० | २१३८६५ |
| ११ | ऊर्जा | १५३००० | १०९६०० |
| १२ | जनता आवास | ९६००० | ३५००० |
| | **कुल जम्मा** | **१२४७५५४३** | **१३३९१३८८** |

*स्रोतः PLMBIS को विवरण अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तयार गरिएको।*

*नोटः स्थानीय तह सशर्त अनुदान समेत समावेश गरिएको छ।*

**चित्र नं ४.१ बजेटको भौतिक पूर्वाधारमा क्षेत्रगत विनियोजनको प्रतिशत**



## तालिका नं ४.२ विनियोजनको मन्त्रालयगत बाँडफाँड (रकम रू हजारमा) तालिका नं ४.१ अनुसारको

| क.सं | भौतिक पूर्वाधारको क्षेत्र | आन्तरिक मामिला तथा कानून मन्त्रालय | | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय | | पर्यटन, वन तथा वातावरण मन्त्रालय | | भौतिक पूर्वाधार विकास मन्त्रालय | | सामाजिक विकास मन्त्रालय | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| १ | सडक र पुल | ० | १४००० | ० | ० | ० | ० | ५७६७२१८ | ६६६४६७१ | ० | ० |
| २ | धार्मिक सामाजिक तथा सम्पदा पूर्वाधार | ० | २५०० | ० | १३०० | ६२४७८० | ५५३६५० | ८३०६५० | ७०२०५० | ८९६०० | ३०६१०० |
| ३ | सिँचाई | ० | ० | १६४५२८० | १४०६१७० | ० | ० | ० | १००० | ० | ० |
| ४ | खानेपानी | ० | ३००० | १२१४२०० | १३३०६५० | ० | ० | ० | ० | ० | ० |
| ५ | तटबन्ध/ बाँध | ० | ० | ४२०९०० | ६८२४०० | ० | ० | ० | ० | ० | ० |
| ६ | अन्य पूर्वाधार | २५००० | ५५०० | ६९०० | १०८५० | ९८०० | ३७५० | ३६२४०० | ३१३६७९ | ९४४०० | ११६४०० |
| ७ | सरकारी भवन | १४१००० | ८५९१९ | ० | ० | ० | ० | २२३१०० | २४९२०० | ० | ० |
| ८ | विद्यालय पूर्वाधार | ० | ० | ० | ० | ० | ० | १२०२०० | ९९५०० | २००९०० | २५३६७५ |
| ९ | वन वातावरण संरक्षण | ० | ० | ० | ० | २३२६१५ | २२६९५९ | ० | ० | ० | ० |
| १० | पर्यटन | ० | ० | ० | ० | २१७६०० | २१३८६५ | ० | ० | ० | ० |
| ११ | ऊर्जा | ० | ० | १५३००० | १०९६०० | ० | ० | ० | ० | ० | ० |
| १२ | जनता आवास | ० | ० | ० | ० | ० | ० | ९६००० | ३५००० | ० | ० |

*स्रोतः PLMBIS को विवरण अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तयार गरिएको।*

*नोटः स्थानीय तह सशर्त अनुदानको आयोजनाको विवरण समेत समावेश गरिएको छ।*


**सम्पादन तथा प्रकाशन**

**प्रदेश सरकार**

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

**कोशी प्रदेश, विराटनगर**